# संयुक्त प्रेस विज्ञप्ति

२०६७ मङ्सिर ९

**जातीय भेदभाव तथा लैङ्गिक हिंसाका पीडितहरूलाई न्यायमा पहुँच सुनिश्चित गर्न राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग तथा उच्चायुक्तको कार्यालयद्वारा आग्रह**

***काठमाण्डौं –*** राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग र उच्चायुक्तको कार्यालय-नेपाल सिराहा जिल्लाको संयुक्त भ्रमणपछि जातीय भेदभाव तथा लैङ्गिक हिंसाका रिपोर्ट एवं न्यायमा पहुँच, धम्की तथा दण्डहीनताका समस्याबारे चिन्तित भएका छन्।

सिराहा जिल्लामा भएका जातीय भेदभाव तथा लैङ्गिक हिंसाका धेरै घटनाहरूबारे अभियोजन नगरी स्थानीय रूपमा मध्यस्थता गरी मिलाइएको र कहिलेकाहीं नेपाल प्रहरीले राजनीतिक दबाबमा काम गर्नुपरेको बारे भ्रमण टोलीलाई जानकारी गराइएको थियो। केही वकिल तथा महिला मानवअधिकार रक्षकहरू, अथवा तिनका परिवारजन, लगायतका मानवअधिकार रक्षकहरूलाई ती मुद्दामा आफूले काम गर्न खोज्दा उनीहरूप्रति लक्षित धम्कीबारेका रिपोर्टहरू पनि भ्रमण टोलीले प्राप्त गर्‍यो। “त्यहाँको स्थितिले गम्भीर मानवअधिकार चिन्ताहरू उठाएको छ,” आज जारी संयुक्त प्रेस विज्ञप्तिमा जोड दिइएको छ। “दलित महिलाहरू विशेषगरी खतरा तथा जोखिमको अवस्थामा छन्। सबै व्यक्तिका लागि, विशेषगरी यी गम्भीर उल्लङ्घनका पीडितहरूलाई, राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूसँग अनुकूल हुनेगरी न्यायमा पहुँच सुनिश्चित गर्न तत्काल काम गर्न नेपाल सरकारलाई आग्रह गर्दछौं,” विज्ञप्तिमा भनिएको छ।

राष्ट्रिय दलित आयोगका अध्यक्ष बिजुल कुमार विश्वकर्मा, राष्ट्रिय महिला आयोगका आयुक्त मञ्जु कुमारी यादव तथा उच्चायुक्तको कार्यालय-नेपालको विराटनगर फिल्ड अफिसका प्रमुख प्याट्रिक रुनीलगायत तीनवटा संस्थाका आठजना सदस्यको टोलीले यसै हप्ता तथ्य पत्ता लगाउन एक संयुक्त भ्रमण सम्पन्न गरेको थियो।

सो भ्रमण टोलीले सिराहा जिल्लाका मानवअधिकार रक्षक, महिला मानवअधिकार रक्षक, पीडितका परिवार, नेपाल बार एसोसिएसन, नागरिक समाज तथा नेपाल प्रहरीलगायत सरकारी राज्यअधिकारीहरूसँग भेट गर्‍यो। भ्रमणको प्रमुख उद्देश्य जिल्लामा विशेषतः जातीय भेदभाव तथा लैङ्गिक हिंसाका सम्बन्धमा त्यहाँको अवस्था बुझ्नु र विशिष्ट घटनाबारे अनुवर्ती कार्य गर्ने रहेको थियो।

Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937